सामाजिक सुरक्षा भत्ता : चुनौति र आगामी मार्गचित्र

✍कृष्णहरि बास्कोटा*

कार्यकारी सारांश :

सामाजिक सुरक्षा भत्ता विपन्नलाई जिउने सहारा हो । साथै, यो लक्षितवर्गका लागि ठूलो सहाराकोरूपमा बोध गरिएको छ । तथापि, हाल बेसहारा, बञ्चितीकरणमा परेका, बेवारिसे, घरबाट निकालिएका, कुनैपनि प्रकारको कागजात नभएका, पाटीको बास भएका र सडक मानबलगायतलाई यस्तो भत्ताले समेट्न नसकेको महशुस हुन्छ । नेपालमा सामाजिक सुरक्षाको अवधारणा सैनिक द्रव्य कोषबाट आरम्भ भए पनि पहिलो पंचवर्षीय योजनाबाट आत्मसात् गर्न थालिएको हो । हाल हामीकहाँ करिब ८५ वटा सामाजिक सुरक्षाका कार्यक्रम संचालित छन् । यिनमा अनेकौं समस्या देखिएका छन् । आ.ब. २०५९।६० मा १ प्रतिशतमा रहेको नेपालको सामाजिक सुरक्षाको बजेट २०६९।७० मा २.५ प्रतिशत पुगेको विश्व बैङ्कको भनाइ छ । हाल पनि यो २ देखि ३ प्रतिशतकै बीचमा रहेको छ । यस सन्दर्भमा, तुलनात्मक स्थितिमा हेर्दा दक्षिण एशियामा माल्दिभ्स २.९ प्रतिशत, श्रीलंका ३.२ प्रतिशत, पाकिस्तान १.९ प्रतिशत, भूटान १ प्रतिशत, बंगलादेश ०.७ प्रतिशत, भारत १.४ प्रतिशत, अफगानिस्तान १.८ प्रतिशत र नेपाल २.१ प्रतिशतत रहेको छ । हाल करिब ३८ लाख सेवाग्राहीले कुनैनकुनै प्रकारको सामाजिक सुरक्षा भत्ता पाईरहेको विश्वास गरिन्छ । यसका लागि संघीय सरकारको बजेट करिब रु २५० अर्वको हाराहारीमा रहेको अनुमान छ । यस्का लागि योगदानमा आधारित र योगदानरहित तथा रोजगारीमा पहुँचका कार्यक्रमहरू आम नागरिकको अधिकार, आबश्यकता र योगदानमा आधारित रहेका छन् ।

भविष्यका लागि सामाजिक सुरक्षा कर लगाउन जरुरी देखिन्छ । साथै, यी कार्यक्रमहरूलाई एकीकरण गरी संचालन गर्न कोषको सचिवालय वा प्राधिकरण खडा गर्नुपर्छ । साथै, योगदानमा आधारित प्रणालीलाई प्रश्रय दिने नीति अख्तियार गर्दा नै सामाजिक सुरक्षा भत्ता र यससम्बन्धी कार्यक्रमले निरन्तता पाउने कुरामा ढुक्क हुन सकिन्छ ।

शब्द कुन्जीः *सामाजिक सुरक्षा भत्ता, सामाजिक सुरक्षा नीति, वित्तीय दिगोपन, संघीय शासन, सामाजिक न्याय ।*

१. पृष्ठभूमि :

राष्ट्रिय योजना आयोगद्धारा प्रकाशित एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८० मा नेपालमा विद्यमान सामाजिक सुरक्षा भत्ताहरूका विषयमा बिस्तृत विवरण समेटिएको छ । यस सरकारी दस्तावेजका अनुसार सामाजिक सुरक्षा भत्ताको सामान्य परिचय खोतल्दा राज्यबाट नागरिकप्रतिको कर्तव्य पालनाका लागि सामाजिक सुरक्षा भत्ता प्रदान गरिएको भनाइ भेटिन्छ । हाल नेपाल सरकारले बृद्ध अबस्थामा क्रमशः

श्री बास्कोटा नेपाल सरकारको पूर्व सचिव तथा सूचना आयोगको प्रमुख आयुक्त, हाल नेपाल जनप्रशासन संघको पूर्व अध्यक्ष (IPP-Immediate Past president) एवम् Center for Innovative Governances Practices- CIGP को अध्यक्ष हुनुहुन्छ ।

७५ वर्ष, ७० वर्ष हुदै ६८ वर्ष माथिकालाई मासिक रु ४ हजार प्रदान गरिआएको छ । यसलाई यसपूर्बको ७० वर्षमै कायम गर्नुपर्ने उच्चस्तरीय आर्थिक सुधार सुझाब आयोगको सुझावलाई सरकारले सिद्धान्ततः स्वीकार गरेको समाचार सार्वजनिक भएको छ । तथापि, यस विषयमा अहिले नै एकिनसाथ भने केही भन्न सकिन्न ।

यर्थाथमा, सामाजिक सुरक्षा भत्ता विपन्नलाई जीउने सहारा हो । यस्ले अपांगता भएकालाई सहायता पुऱ्याउँछ । साथै, अन्य लक्षितवर्गका पनि यो ठूलो सहाराकोरुपमा बोध गरिएको छ । तर, बेसहारा, बञ्चितीकरणमा परेका, बेवारिसे, घरबाट निकालिएका, कुनैपनि प्रकारको कागजात नभएका, पाटीको बास भएका र सडक मानबलगायतलाई यस्ले समेट्न नसकेको महशुस हुन्छ । यसर्थ, यस्मा सुधारको खाँचो छ ।

२. सिद्धान्त, नीतिगत दृष्टिकोण र परिभाषा :

सामाजिक सुरक्षालाई विश्वव्यापीरूपमा विभिन्न सिद्धान्त एवं दृष्टिकोणका आधार हेर्ने गरिन्छ । जसअनुसार समाजिक करार सिद्धान्त (Social Contract Theory), सामाजिक न्यायको सिद्धान्त (Social Justice Theory), समानताको सिद्धान्त (Equality Theory), आधारभुत मानवीय आवश्यकताको सिद्धान्त (Basic Human Needs Theory) आदिका आधारमा हेर्ने गरिएको छ । यी सिद्धान्तहरूका आधारमा हाम्रो सामाजिक सुरक्षा कार्यक्रमलाई निम्न प्रयोजनका लागि लागू गरिएको ठम्याईमा पुग्न सक्छौं :

१. गरिबी, बञ्चितीकरण तथा जोखिममा परेका र अरुको सहायताबिना जीवनयापन गर्न कठिनाइ पर्नेका लागि सामाजिक सुरक्षाको आबश्यकता पर्दछ ।

२. यस्तो सहयोग ज्येष्ठ नागरिक, असहाय, शारिरिक र मानसिकरूपमा श्रम गर्न नसक्ने र कठिन जीवनयापन गर्नेलाई प्रदान गरिनुपर्छ ।

३. हामीले यसको माध्यम लक्षितवर्ग अर्थात् जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, सिमान्तकृत समुदाय, असहाय, अपाङ्गता भएका व्यक्तिलाई केन्द्रित गरिआएका छौं ।

४. सहयोग भन्नाले सबै प्रकारका नगद र बस्तुगत सहायतालाई जनाउँछ । यस्ता सहायता परि स्थितिअनुसार नगद वा वस्तुमा प्रदान गरिन्छ ।

नेपालमा यसको अवधारणा सैनिक द्रव्य कोषबाट आरम्भ भएको विश्वास गरिन्छ । हाल हामीकहाँ करिब ८५ वटा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालित छन् । कतिपय संघीय सरकारबाट संचालित कार्यक्रममा प्रदेश सरकार र स्थानीय तहले सुबिधा थप गर्ने (टपअप) कार्य आरम्भ गरेका छन् ।

सामाजिक सुरक्षाको अबधारणालाई विभिन्न किसिमले परिभाषित गर्ने गरिएको छ । तथापी, विश्वव्यापी केही महत्वपूर्ण संगठनहरूको परिभाषामा भने धेरैहदसम्म समानता भेटिन्छ, जसको उदाहरण निम्नानुसार रहेको छ ।

United Nations: "Social protection is concerned with preventing, managing, and overcoming situations that adversely affect people's well-being. Social protection consists of policies and programs designed to reduce poverty and vulnerability by promoting efficient labor markets,

diminishing people's exposure to risks, and enhancing their capacity to manage economic and social risks, such as unemployment, exclusion, sickness, disability and old age".

ILO: Social protection is a human right. It ensures access to health care and income security for all. It provides for you and your family when you are sick, unemployed, injured, pregnant or too old to work.'Social protection gives you peace of mind and hope for a better future'.

The World BankM Social protection policies and labor programs as those that aim to help individuals and societies manage risk and vulnerability and protect individuals from poverty and destitution through instruments that improve resilience, equity, and opportunity.

३. अन्तर्राष्ट्रिय परिवेशः

अन्तर्राष्ट्रिय अभ्यास हेर्दा सुरुका दिनमा कूल ग्राहथ्य उत्पादनको बेलायत, फ्रान्स, जर्मनीमा २५ प्रतिशतसम्म, दक्षिण अमेरिकामा १४ प्रतिशतसम्म, अफ्रिकी राष्ट्रमा ११ प्रशिशतसम्म, एशिया प्रशान्त क्षेत्रमा १२ प्रतिशतसम्म र दक्षिण एशियामा ४ प्रतिशतसम्म यस क्षेत्रमा लगानी भएको पाइन्छ । प्रस्तुत सन्दर्भमा, नेपालमा करिब २ प्रतिशत जति सरकार लगानी रहेको छ। यस सन्दर्भमा, तुलनात्मक स्थितिमा हेर्दा दक्षिण एशियामा माल्दिभ्स २.९ प्रतिशत, श्रीलंका ३.२ प्रतिशत, पाकिस्तान १.९ प्रतिशत, भूटान १ प्रतिशत, बंगलादेश ०.७ प्रतिशत, भारत १.४ प्रतिशत, अफगानिस्तान १.८ प्रतिशत र नेपाल २.१ प्रतिशत रहेको छ ।

४. नेपालको अबस्था :

नेपालको संविधानको प्रस्तावना, मौलिकहक, राज्यका निर्देशक सिद्धान्त, संविधानको धारा ४३ को सामाजिक सुरक्षाको हकलगायत बाट सामाजिक सुरक्षा अन्तर्गत सामाजिक सुरक्षा भत्तालगायतका कार्यक्रमहरू निर्देशित र सञ्चालित छन् । हाल करिब ३८ लाख सेवाग्राहीले कुनैनकुनै प्रकारको सामाजिक सुरक्षा भत्ता पाइरहेको विश्वास गरिन्छ। यसका लागि संघीय सरकारको बजेट करिब रु २५० अर्वको हाराहारीमा रहेको अनुमान छ। यथार्थमा, यो पूजीगत बजेट सरहकै विनियोजन हो। नेपालमा सामाजिक सुरक्षाको अबधारणा राज्यको उत्पत्तिदेखि नै आरम्भ भएको अनुभूति हुन्छ। तथापि, यस्को आधुनिक स्वरुप भने पहिलो आवधिक योजनाबाट आरम्भ भएको मान्न सकिन्छ । पहिलो पञ्चवर्षिय योजनामा आम जनतालाई पेटभर खान, एकसरो लुगा लाउन, घरमा बस्न, उपचार गर्न र आधारभूत शिक्षा दिने लक्ष्य राखिएको थियो । यसपछिका योजना र बजेटले यससम्बन्धी प्रतिवद्धतालाई व्यापक गर्दै जाँदा सरकारी दायित्व पनि बृद्धि हुदै गएको हो ।

संयुक्त राष्ट्र संघले जारी गरेको दिगो विकासको लक्ष्यअनुसार पनि सामाजिक सुधारका कार्यक्रमहरू अघि बढाउन जरुरी छ। दिगो विकासका लक्ष्यहरू मध्ये लक्ष्य नं. १ : गरिबी निवारण, लक्ष्य नं.३ : स्वास्थ्य सेवा, लक्ष्य नं.४ : समावेशीता, लक्ष्य नं.५ : लैगिंक समानता, लक्ष्य नं.८ : रोजगारी, लक्ष्य नं.१० : असमानता न्यूनीकरण र लक्ष्य नं.१६ : न्यायपूर्ण समाजको स्थापनाजस्ता लक्ष्यहरू प्राप्तिका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरू संचालन गरिनु अनिवार्य छ। यस अतिरिक्त, नेपालले अनुमोदन गरेका सामाजिक सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरूले पनि यसतर्फको जिम्मेवारी बृद्धि भएको छ ।

नेपालमा सञ्चालित सामाजिक सुरक्षा भत्तालाई ३ प्रकारबाट हेर्न सकिन्छ : जसअनुसार (१) योगदानमा आधारित (२) योगदानरहित (३) रोजगारीमा पहुँच । यस अनुसार योगदानमा आधारित अन्तर्गत (क) बीमा (ख) स्वास्थ्य सेवा, स्वास्थ्य परीक्षण, औषधि, सुत्केरी सुविधा (ग) दुर्घटना र अपाङ्गता बिमा (घ) आश्रित परिवारलाई सुविधा (ङ.) पाको उमेरमा दिइने भत्ता सुविधा पर्दछन् । यसैगरी, योगदानरहित अन्तर्गत (क) नगद प्राप्ति (ख) कामका लागि खाद्य र अन्य सुविधा (ग) केहि सेवा प्राप्ति निःशुल्क (घ) प्रत्यक्ष, अप्रत्यक्ष सेवा सुविधा (ङ.) बेरोजगारीका लागि सुविधा पर्दछन् । साथै, रोजगारीमा पहुँचअन्तर्गत (क) सीप विकास (ख) श्रम बजारमा पहुँच (ग) रोजगारी प्रवर्द्धनका कार्यक्रमहरू पर्दछन् ।

नेपालमा सामाजिक सुरक्षा कार्यक्रमहरूलाई निम्नानुसार ९ वटा क्षेत्रमा विभक्त गर्न सकिन्छ । जो निम्नानुसार छन् :

१. कृषि (बिमा), खाद्य तथा पोषण र सुरक्षित नागरिक आवास ।

२. स्वास्थ्य सेवा (विपन्न नागरिक स्वास्थ्य उपचार आमा सुरक्षा कार्यक्रम) ।

३. शिक्षा तथा प्राविधिक सीप ।

४. समाज कल्याण ।

५. श्रम बजार हस्तक्षेपका कार्यक्रम ।

६. विपद् व्यवस्थापन, जोखिम न्यूनीकरण (उद्धार, राहत र पुर्नस्थापन ।

७. निवृत्तिभरण, उपदान, कर्मचारी संचयकोष, सामाजिक बिमा ।

८. सामाजिक सुरक्षा कोषका कार्यक्रमहरू ।

९. उद्धार गृह, बृद्धाश्रम, बालगृह आदि सामाजिक रेखदेख ।

५. मन्त्रालयगत कार्यक्रमको स्वरुप :

नेपालमा सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई एकीकृत गर्न सकिएको छैन । जस्को कारण विभिन्न मन्त्रालयमा यी कार्यक्रमहरू छरिएका छन् । यसर्थ, यस विषयमा बिस्तृत जानकारी हासिल गर्न मन्त्रालयगत कार्यक्रमहरूको जानकारी लिन जरुरी छ ।

५.१ गृह मन्त्रालय :

यस मन्त्रालयअन्तर्गत सञ्चालित सामाजिक सुरक्षा भत्ता र राहत सहायतासम्बन्धी कार्यक्रमअन्तर्गत सामाजिक सुरक्षा भत्तातर्फ निम्न ५ वटा कार्यक्रम संचालित छन् :

(१) ज्येष्ठ नागरिक भत्ता, ६८ वर्षपछि, मासिक रु ४ हजार

(२) एकल महिला भत्ता, ६० वर्षपछि, मासिक रु २ हजार

(३) अपाङ्गता भत्ता मासिक रु ३ हजार र रु १६ सय

(४) लोपोन्मुख आदिवासी जनजाति भत्ता, १० जात, मासिक रु ३ हजार

(५) बाल पोषण भत्ता, कर्णाली र दलित, मासिक ४ सय ।

(६) विपदमा परी मृत्य हुने, प्रतिव्यक्ति, रु ४० हजार

(७) तत्काल राहत, प्रति परिवार रु ५ हजार

(८) विपद्को कारण घर पूर्ण क्षति, रु १५ र २० हजार

(९) शीतलहर प्रभावित

(१०) राहत तथा पुर्नस्थापन कार्यक्रम ।

हाल यी सामाजिक सुरक्षाका कार्यक्रमहरू स्थानीय तहबाट वितरण हुँदैआएका छन् । यस प्रकारका कार्यक्रम वडागतरूपमा सञ्चालन हुदा आम नागरिकले गाउँ वा सहरमै सिंहदरवार आईपुगेको महशुस गरेका छन् ।

५.२ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयः

शिक्षा क्षेत्रतर्फ पनि विविध प्रकारका निमन्नानुसार १५ वटा सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालित छन् । जस अनुसार :

(१) दलितवविद्यार्थी छात्रवृत्ति, वार्षिक रु ४ सय

(२) बालिका छात्रवृत्ति रु ४ सयदेखि १५ सय र आवासीय विद्यालयलाई ४० हजार

(३) अपाङ्गता छात्रवृत्ति रु १, रु ५ हजार, आवासिय स्कूललाई ४० हजार

(४) विपन्न छात्रवृत्ति रु ६ हजार, १८ हजार र २४ हजार

(५) सिमान्तकृत, लोपोन्मुख छात्रवृत्ति रु ५ सय, आवासिय स्कूललाई ४० हजार

(६) सडक वालवालिका, बालश्रमिक छात्रवृत्ति, आवासिय स्कूललाई ४० हजार

(७) शहिदका छोराछोरीका लागि छात्रवृत्ति १ हजार, १५ सय, २ हजार

(८) मुक्तकमलरी छात्रवृत्ति १५ सय रु ५ हजार, आवासिय स्कूललाई ४० हजार

(९) हिमाली आवासिय छात्रवृत्ति, आवासिय स्कूललाई ४० हजार

(१०) प्राविधिक शिक्षाको छात्रवृत्ति : सीमान्तकृत विद्यार्थीका लागि

(११) अन्य छात्रवृत्ति : सार्वजनिक निजी साझेदारीमा सञ्चालित स्कूलले दिने कोटा

(१२) स्यानिटरी पायड : सामुदायिक विद्यालयका छात्राका लागि

(१३) विद्यालय खाजा कार्यक्रम : रु १५ र रु २०

(१४) निःशुल्क माध्यमिक शिक्षा : स्कूललाई अनुदान

(१५) निःशुल्क उच्च शिक्षा : आवासीयलाई रु ४० हजार ।

५.३ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय :

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र मातहतबाट पनि निम्नानुसार विभिन्न १६ प्रकारका सामाजिक सुरक्षाका कार्यक्रम संचालित छन् :

(१) आमा सुरक्षा कार्यक्रम : यातायात खर्च रु १, २ र ३ हजार

(२) प्रसुती पूर्वको सेवा : ४ पटक परीक्षण वापत रु ४ सय

(३) सुत्केरी बिदा : कर्मचारीलाई तलवी

(४) एकीकृत बालस्वास्थ्य एवं पोषण, खोपलगायत सेवा : आमा आईरन चक्की, बच्चा भिटामिन

(५) एड्स तथा यौनरोग नियन्त्रण : निःशुल्क सेवा

(६) कुष्ठरोग नियन्त्रण, रु एक हजार (पटके)

(७) सरुवा रोगको निःशुल्क उपचार : निःशुल्क

(८) विपन्न स्वास्थ्य उपचार कार्यक्रम : बढिमा ४ लाखसम्म

(९) निःशुल्क जाँच तथा उपचार

(१०) ज्येष्ठ नागरिक स्वास्थ्य उपचार : विभिन्न सुविधा

(११) पाठेघरको मुखको क्यान्सरको जाँच : निःशुल्क

(१२) रेबिज विरुद्धको खोप : निःशुल्क

(१३) सर्पदंशको उपचार : निःशुल्क

(१४) आङ्ग खस्ने रोगको उपचार : निःशुल्क परीक्षण र शल्यक्रिया

(१५) निःशुल्क खोप सेवा : ११ वटा खोप निःशुल्क

(१६) निःशुल्क आधारभूत स्वास्थ्य सेवा ।

५.४ महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय :

अन्य मन्त्रालय जस्तै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयबाट पनि लक्षितवर्गका निमित्त विभिन्न प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा छन् । यस्ता कार्यक्रम निमनानुसार ६ वटा छन् :

(१) ज्येष्ठ नागरिक स्वास्थ्य उपचार : विभिन्न

(२) ज्येष्ठ नागरिक यातायात सहुलियत

(३) समाज कल्याण कार्यक्रम : असक्त र अपाङ्गको पुर्नस्थापन कार्यक्रम

(४) राष्ट्रपति महिला उत्थान कार्यक्रम, हवाइ उद्धार सेवा : दुर्गम क्षेत्रका जोखिममा परेका गर्भवती र सुत्केरी महिला उद्धार कार्यक्रम

(५) बाल कल्याण सहयोगः विशेष संरक्षणको आवश्यक्ता भएका र जोखिममा रहेका बालबालिकाको कार्यक्रम

(६) दिवा शिशु स्याहार केन्द्र : सिंहदरबारमा सञ्चालित कार्यक्रम ।

५.५ कृषि तथा पशुपंक्षी विकास मन्त्रालय :

हाल कृषि तथा पशुपंक्षी विकास मन्त्रालयबाट निम्नानुसार विभिन्न ७ प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालन भैरहेका छन् :

(१) विशेष कृषि उत्पादन कार्यक्रम : मलमा दिईने अनुदान कार्यक्रम

(२) बाली तथा पशुपंक्षी बिमा : बिमा अनुदान कार्यक्रम

(३) बर्डफ्लू क्षतिपूर्ति कार्यक्रम : पीडितलाई राहत कार्यक्रम

(४) कृषि क्षेत्र विपद् व्यववस्थापन कार्यक्रम : नोक्सानीमा परेका किसानलाई राहत कार्यक्रम

(५) उखु उत्पादक किसान अनुदान : उत्पादन परिणामका आधारमा दिईने अनुदान

(६) व्याज अनुदान (अर्थ मन्त्रालय) : कृषि पशुपालनसम्बन्धी आय आर्जनका कार्यक्रम

(७) जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान कार्यक्रम ।

५.६ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय :

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत निम्न २ वटा सामाजिक सुरक्षाका कार्यक्रम संचालनमा रहेका छन् :

(१) खाद्यान्न ढुवानी अनुदान : तोकिएको दुर्गम जिल्लाका लागि

(२) कण्ठरोग नियन्त्रण : तोकिएका दुर्गम जिल्लामा नुन ढुवानी कार्यक्रम ।

५.७ सहरी विकास मन्त्रालय :

सहरी विकास मन्त्रालयबाट पनि निम्न २ वटा सामाजिक सुरक्षाका कार्यक्रमहरू सञ्चालनमा छन् :

(१) सुरक्षित नागरिक आवास कार्यक्रम : अति विपन्न, लोपोन्मुख, सीमान्तकृतका लागि घर निर्माण अनुदान

(२) जनता आवास कार्यक्रम : तोकिएका समुदायका लागि ।

५.८ भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय :

भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय अन्तर्गत पनि निम्नानुसार २ वटा सामाजिक सुरक्षाका कार्यक्रम संचालनमा रहेका छन् :

(१) मुक्त हलिया अनुदान : घर जग्गा खरिद, घर निर्माण र मर्मतका लागि

(२) जग्गा स्वामित्व प्राप्तिमा छुट : शहिद परिवार, दृष्ट्रिविहीन, अपाङ्गता, दलित, पिछडावर्गको लिखत पारितमा छुट साथै महिलाको हकमा पनि छुट कार्यक्रम ।

५.९ कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय :

कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत एक मात्र सामाजिक सुरक्षाको कार्यक्रम निःशुल्क कानूनी सहायता कार्यक्रम सञ्चालनमा रहेको छ ।

५.१० युवा तथा खेलकूद मन्त्रालय :

युवा तथा खेलकूद मन्त्रालय अन्तर्गत पनि एउटा मात्र सामाजिक सुरक्षाको कार्यक्रम संचालित छ। यो युवा स्वरोजगार कोष : कर्जामा व्याज अनुदान कार्यक्रम हो ।

यसरी संघीय सरकारमा रहेका २२ वटा मन्त्रालय मध्ये १० वटा मन्त्रालयले प्रत्यक्षरूपमा सामाजिक सुरक्षा कार्यक्रमका नाममा एकप्रकारले सामाजिक सुरक्षा भत्ता प्रदान गरिआएका छन् । यसलाई एउटै डालोमा राख्ने, एकद्धार प्रणालीबाट दिने वा सबै प्रकारका सेवा, सुविधा भत्ताका लागि एकीकृत पासबूक जारी गर्ने जस्ता सुझाव दिइरहेता पनि सुनुवाइ भने हुन सकिरहेको छैन ।

६. अन्य सामाजिक सुरक्षाका कार्यक्रमहरु :

माथिल्लो खण्डमा विभिन्न दश वटा मन्त्रालयहरूद्वारा सञ्चालित सामाजिक सुरक्षाका कार्यक्रमहरूको अतिरिक्त निम्नानुसारका सामाजिक सुरक्षाका कार्यक्रमहरू पनि संचालनमा रहेका छन् :

६.१ सामाजिक बिमा :

यस अन्तर्गत निम्न ४ वटा कायक्रमहरू अर्थ मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सञ्चालनमा रहेका छन् ।

(१) निबृत्तिभरण : कानून बमोजिम दिने पाउने

(२) उपदान : कानून बमोजिम दिने पाउने

(३) उपचार खर्च : कर्मचारीले नियमानुसार पाउने

(४) योगदानमा आधारित निबृत्तिभरण कोष : प्रचलित कानूनअनुसार पाउने कार्यक्रम ।

कर्मचारी संचय कोषले पनि निम्न विभिन्न चारवटा कार्यक्रमहरू सामाजिक सुरक्षा अन्तर्गत सञ्चालन गरिरहेको छः

(१) सुत्केरी तथा शिशु हेरचाह : दुई पटकसम्म ७५ सयका दरले

(२) काजक्रिया : सेवाकालको हकमा ४० हजार

(३) घातक रोग उपचार खर्च : नौ वटा घातक रोगमा

(४) योगदानमा आधारित कोष कट्टी : तोकिएको रकम थप हुने कार्यक्रम

सामाजिक सुरक्षा कोषबाट पनि सामाजिक सुरक्षाका निम्नानुसार ७ वटा कार्यक्रमहरू सञ्चालनमा छन्:

(१) वृद्धावस्था संरक्षण : योगदानमा आधारितका कानुनअनुसार

(२) औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना : योगदानमा आधारित कानुनअनुसार

(३) मात्रृत्व सुरक्षा योजना : योगदानमा आधारित कानुनअनुसार

(४) दुर्घटना तथा असक्त सुरक्षा : योगदानमा आधारित कानुनअनुसार

(५) आश्रित परिवार सुरक्षा : योगदानमा आधारित कानुनअनुसार

(६) वैदेशिक रोजगारीमा रहेका व्यक्तिको लागि सामाजिक सुरक्षा : सम्बन्धित कार्यविधि बमोजिम

(७) अनौपचारिक स्वरोजगारीमा रहेका व्यक्तिको लागि सामाजिक सुरक्षा : सम्बन्धित कार्यविधि बमोजिमका कार्यक्रम ।

नेपालमा स्वास्थ्य बीमा बोर्डले पनि सामाजिक सुरक्षाका निम्न २ वटा कार्यक्रम संचालन गरिरहेका छन् :

(१) स्वास्थ्य सेबामा बोर्ड कार्यक्रम : ५ जानको परिवारलाई ३५ सय प्रिमियम लिई डेढ लाखको बिमा

(२) निःशुल्क स्वास्थ्य बिमा : गरिबीको रेखामुनी रहेका र ६८ वर्ष उमेर पुगेकालाई सुविधा प्रदान गर्ने कार्यक्रम ।

श्रम बजार र रोजगारतर्फ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सामाजिक सुरक्षाका विभिन्न कार्यक्रम संचालनमा ल्याएको छ। यी कार्यक्रमहरूलाई बैदेशिक रोजगार आर्थिक सहायता कार्यक्रमकारूपमा पनि बुझिन्छ । यस्मा निम्ननानुसारका ६ वटा कार्यक्रम समेटिएका छन्:

(१) वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको परिवारलाई आर्थिक सहायता : मृत शरिरलाई स्वदेश ल्याउन लाग्ने खर्च सहायता

(२) वैदशिक रोजगारीका क्रममा अंगभंग भएका र गंभिर बिरामी भएका कारादारलाई दिने आर्थिक सहायता

(३) वैदेशिक रोजगारीमा गएका व्यक्तिका परिवारलाई दिईने आर्थिक सहायता

(४) वैदेशिक रोजगारी छात्रबृत्ति : वैदेशिक रोजगारीमा मृत्यु वा अङ्गभङ्ग भएकोमा सन्ततीलाई दिईने

(५) प्रधानमन्त्री रोजगार कार्यक्रम : बेरोजगारलाई बर्षमा १०० दिन रोजगारी दिने कार्यक्रम

(६) योगदानमा आधारित सामाजिक सुरक्षा : अनौपचारिक क्षेत्रमा कार्यरतको योगदानबाट बनेको कोषबाट सहायता दिने कार्यक्रम संचालनमा छन् ।

७. नेपालमा सामाजिक सुरक्षाको नक्शाङ्कनः

राष्ट्रिय योजना आयोगले आफ्नो पुस्तिकामा नेपालको सामाजिक सुरक्षाको नक्शाङ्कन प्रस्तुत गरेको छ । यस्तो नक्शाङ्कन आम नागरिकको अधिकार, आवश्यकत्ता र योगदानमा आधारित प्रणालीका आधारमा वर्गीकरण गरिएको छ । तल यस्को चर्चा गरिएको छ ।

७.१ मौलिक हकमा आधारितः

नागरिकको संविधान प्रदत्त मौलिक हकमा आधारित निम्नानुसार १२ वटा सामाजिक सुरक्षाका कार्यक्रम विद्यमान रहेका छन् :

(१) सामाजिक सुरक्षा भत्ता

(२) राहत तथा उद्धार

(३) राहत तथा पुर्नस्थापन कार्यक्रम

(४) सबै प्रकारका छात्रबृत्ति, आवासीयसमेत

(५) आमा सुरक्षा कार्यक्रम

(६) विपन्न स्वास्थ्य उपचार कार्यक्रम

(७) ज्येष्ठ नागरिक स्वास्थ्य उपचार

(८) खाद्य ढुवानी अनुदान

(९) कण्ठरोग नियन्त्रण

(१०) सुरक्षित नागरिक आवास कार्यक्रम

(११) जग्गा स्वामित्व प्राप्तिमा छुट

(१२) निःशुल्क कानूनी सहायता कार्यक्रम

७.२ आवश्यकतामा आधारितः

सामाजिक सुरक्षाको खास ध्येय नै आवश्यक परेका नागरिकलाई राज्यले सेवा र सुविधा उपलब्ध गराउने हो। यसै बमोजिम निम्नानुसार २४ प्रकारका सामाजिक सुरक्षाका कार्यक्रमहरू आवश्यक्ताका आधारमा सञ्चालित भएका छन् :

(१) सामाजिक सुरक्षा भत्ता

(२) राहत तथा उद्धार

(३) राहत तथा पुर्नस्र्थापन कार्यक्रम

(४) विद्यालय खाजा कार्यक्रम

(५) प्रसुती पूर्वको सेवा

(६) आमा र बच्चा पोषण परिपुरण कार्यक्रम

(७) एड्स तथा यौनरोग नियन्त्रण

(८) कुष्ठरोग नियन्त्रण

(९) सरुवा रोगहरूको निःशुल्क उपचार

(१०) निःशुल्क जाँच तथा उपचार

(११) समाज कल्याण कार्यक्रम

(१२) राष्ट्रपति महिला उत्थान कार्यक्रम। हवाई उद्धार सेवा

(१३) बाल कल्याण सहयोग

(१४) विशेष कृषि उत्पादन कार्यक्रम

(१५) बाली तथा पशुपंक्षी बिमा

(१६) उखु उत्पादक किसान अनुदान

(१७) व्याज अनुदान, अर्थ मन्त्रालय

(१८) जडिबुटी खेती प्रविधि तथा उद्यम विकास अनुदान

(१९) मुक्त हलिया अनुदान

(२०) जग्गा स्वामित्व प्राप्तिमा छुट

(२१) निःशुल्क कानुनी सहायता

(२२) वैदेशिक रोजगारमा आर्थिक सहायता

(२३) प्रधानमन्त्री रोजगार कार्यक्रम

(२४) युवा स्वरोजगार कोष कार्यक्रम ।

७.३ अधिकार र आवश्यकता दुबैमा आधारित :

माथि अधिकार र आबश्यकतामा आधारित सामाजिक सुरक्षाका कार्यक्रमको सूचीकरण गरिएको छ । सामाजिक सुरक्षालगायतका कतिपय कार्यक्रमहरू अधिकार र आवश्यकता दुबै वर्गीकरणमा परेका छन् । तथापि, निम्नानुसार ४ वटा कार्यक्रम भने अधिकार र आवश्यकता दुबैका आधारमा सामाजिक सुरक्षा कार्यक्रममा पर्दछन् :

(१) सबै प्रकारका छात्रबृत्ति, आवासीयसमेत

(२) कुष्ठरोग नियन्त्रण कार्यक्रम

(३) सरुवा रोगहरूको निःशुल्क उपचार

(४) निःशुल्क जाँच तथा उपचार कार्यक्रम ।

७.४ योगदानमा आधारित :

सामाजिक सुरक्षा कार्यक्रम भित्र योगदानमा आधारित निम्न ४ वटा कार्यक्रम समावेश भएका छन् :

(१) निबृत्तिभरण, उपदान,उपचार खर्च, बिमा

(२) कर्मचारी संचयकोष

(३) सामाजिक सुरक्षा कोषका कार्यक्रम

(४) स्वास्थ्य बिमा कार्यक्रम रहेका छन् ।

८. सामाजिक सुरक्षा कार्यक्रमका समस्याहरुः

अधिकार र आवश्यकतामा आधारित हुने तथा योगदानका आधारमा सञ्चालनमा आउने सामाजिक सुरक्षा कार्यक्रममा विश्वव्यापीस्तरमै अनेकौं समस्या देखिएका छन् । नेपालमा स्वयम् सरकारको दृष्टिमा देखिएका समस्याहरूको पहिला चर्चा गर्न जरुरी छ । जो निम्नानुसार रहेका छन् :

८.१ सामाजिक सुरक्षा भत्तातर्फः

सामाजिक सुरक्षा भत्तातर्फ निम्नानुसार समस्याको अनुभूत गरिएको छः

(१) औषत् उमेर वृद्धिका कारण लाभग्राहीको संख्यामा वृद्धि भैरहेको कारण भविष्यमा व्ययभार थपिदै जानेछ ।

(२) सबैलाई समानरुपमा भत्तादिदा विपन्नलाई अपेक्षितरूपमा लाभ पुऱ्याउन सकिएको छैन ।

(३) एकीकृत पासबूक वा अन्य प्रणाली नहुदा दोहोरो तेहोरो सुविधा रोक्न पनि सकिएको छैन ।

(४) एकल महिलाको परिभाषा स्पष्ट नहुदा यस वर्गमा असन्तुष्टि बढेको छ । साथै, पुनः विवाहको अभिलेखमा जटिलता आएको छ ।

(५) बाल पोषण भत्तासंग जन्मदर्ता मिलान हुन सकेको छैन, साथै, सबै बालबालिकालाई यस कार्यक्रमभित्र समेट्न पनि सकिएको छैन ।

(६) अपांगताको वर्गीकरणलाई वैज्ञानिक तुल्याउन सकिएको छैन ।

(७) भत्ताको भुक्तानी प्रक्रिया सहज भैरहेको छैन, साथै, स्थानीय तह र बैङ्कको सम्बन्ध एवं उपलब्धतामा पनि जटिलता रहेको छ ।

(८) मन्त्रिपरिषद्को पटके निर्णयका कारण पनि काममा एकरूपता र समानताको सिद्धान्त पालना गराउन बाधा परिरहेको छ ।

यी प्रतिनिधि समस्याको समाधान शीघ्र खोजी गर्नुको विकल्प छैन ।

८.२ उद्धार तथा राहत सहायतातर्फः

उद्धार तथा राहत सहायता वितरणमा पनि अनेकौ समस्या महशुस गरिएको छः

(१) विपदमा परेकालाई पटके निर्णयबाट राहत दिने गरिएको छ । यसबाट तत्कालै राहत दिन नयाँ निर्णय कुर्नुपर्दा समयमा राहत वितरण गर्न सकिएको छैन ।

(२) विपद् सहयोगलाई बैङ्कसंग आवद्ध गर्न सकिएको छैन ।

(३) मानव बेचबिखन वा हिंसामा परेकालाई उद्धार केन्द्रमा राख्ने पर्याप्त व्यवस्था छैन ।

(४) विपदमा परेकालाई सहायता दिने मापदण्ड छिटो छिटो परिवर्तन हुने र लाभग्राहीले जानकारी समयमा नआउने अवस्था विद्यमान छ ।

(५) विपदमा परेकाले राहत पाउन कागजात जुटाउन कठीनाइ भैरहेको छ, साथै, तथ्याङ्क सङ्कलनको त्रुटीका कारण पनि पीडितहरू सुविधाबाट वञ्चित भैरहेका छन् ।

(६) राहत राशी भन्दा प्रक्रिया र यातायात खर्च नै बढी लाग्ने गरेको छ ।

यी समस्या पनि वर्षौदेखि निरन्तर देखिएका छन्, तथापि कहिल्यै सम्बोधन गर्न सकिएको छैन ।

८.३ छात्रबृत्तितर्फः

शिक्षा क्षेत्रमा छात्रवृत्ति वितरणतर्फ पनि अनेकौं समस्या बिद्यमान छन्ः

(१) छात्रववृत्तिहरू गरिबी लक्षित हुनु पर्नेमा लैङ्गिक र जातीय लक्षित भएका छन् ।

(२) पालिकाले पनि स्थानीय परिवेशअनुसार नीति निर्माण नगरी केन्द्रकै नीति अनुशरण गर्दा वास्तवमै आवश्यक पर्नेले पाउन सकेका छैनन् ।

(३) दिवा खाजालाई स्थानीय उत्पादनसँग मिलाउन सकिएको छैन ।

(४) तीन तहका सरकारले बितरण गरेको छात्रवृत्ति रकम पनि एकीन गर्ने अभिलेख नहुँदा कसैले नपाउने र कसैले दोहोरो पाउने अबस्था छ ।

(५) विश्व खाद्य कार्यक्रमबाट लाभान्वित वर्गको अभिलेख भिडाउन सकिएको छैन ।

८.४ स्वास्थ्य सेवातर्फः

सामाजिक सुरक्षा अन्तर्गतको स्वास्थ्य सेवातर्फका कार्यक्रमहरूमा पनि विभिन्न समस्या देखिएका छन् :

(१) स्थानीय तहबाट खरिद हुने औषधिको एकीन तथ्याङ्क छैन ।

(२) अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार बनेको छैन, साथै, उनीहरूले राज्यले प्रदान गरेको सुविधा पनि विविध कारणले हासिल गर्न सकेका छैनन् ।

(३) विपन्न नागरिकको छनौटको आधार नहुदा सबैको सिफारिश हुने गरेको छ ।

(४) विपन्न परिचयपत्र वितरण भएको छैन, जस्को कारण न्याय पार्न सकिएको छैन ।

८.५ समाज कल्याण कार्यक्रम तर्फः

सामाजिक सुरक्षाअन्तर्गत विभिन्न प्रकारका समाज कल्याणका कार्यक्रमहरू सञ्चालित छन् । यस्मा सबै कार्यक्रमतर्फ केहिनकेही समस्या देखिएको छ । ती मध्येका केही प्रतिनिधि समस्यलाई यहाँ उल्लेख गर्ने जमर्को गरिएको छ ।

(क) कृषि उत्पादन कार्यक्रमतर्फ :

(१) मलमा अनुदान भए पनि ढुवानी ढिलो हुने गरेको ।

(२) अन्य मुलुकबाट आयात गर्नुपर्ने हुदा समयमा मल नआउने गरेको ।

(३) कृषि बिमामा कृषकहरू आकर्षित नहुने र बिमाको प्रक्रिया पनि लामो रहेको ।

(४) कृषि क्षेत्रको यर्थाथमा क्षतिपूर्तिको विवरण लिन नसकिएको ।

(५) कृषकले रहत पाउने प्रक्रिया लामो र झण्झटिलो रहेको ।

(ख) सुरक्षित नागरिक आवास कार्यक्रमतर्फ :

(१) निर्माण भएका घर बस्न लायक नभएको

(२) भूमिहिनले कागजात जुटाउन र कागजात दिने प्रक्रिया जटिल रहेको जस्ता समस्या प्रत्यक्ष महशुस गरिएको छ ।

(ग) स्वास्थ्य बिमा बोर्डतर्फ :

(१) प्रदेश र स्थानीय तहबाट कार्यक्रमको अपनत्व बोध नभएको

(२) कागजपत्र, दावी लगायतले झण्झटिलो प्रक्रिया रहेको

(३) सरकारी स्वास्थ्य संस्थामा मात्रै उपचार गराउनु पर्ने बाध्यता रहेको जस्ता समस्याले यी सुविधाहरू हात्तीको देखाउने दाँत सरह भएका छन् ।

यस अतिरिक्त, वैदशिक रोजगार सहायता तथा वैदेशिक रोजगार कल्याण कोषतर्फ परिवारले सहायता पाउने प्रक्रिया निकै झण्झटिलो रहेको छ । यी समस्या समाधानका लागि सम्बन्धित पदाधिकारीहरूले अतिरिक्त पहल गर्नुको विकल्प छैन ।

८.६ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रमतर्फका समस्याहरु :

योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा प्रथमतः रोजगारदातालाई सरकारी कार्यक्रमतर्फ आकर्षित नै गर्न सकिएको छैन । जहाँसम्म प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फका निम्न समस्याहरू छन्, यी पनि पेचिला देखिएका छन् :

(१) न्यूनतम् रोजगारी बारे प्रष्टता छैन ।

(२) सबै बेरोजगारको सूचना पाएकोमा सुनिश्चित हुन सकिने अबस्था छैन ।

(३) कुन कुन क्षेत्रमा रोजगारी दिने भन्ने प्रष्टता पनि छैन ।

(४) सूचिकृत बेरोजगारलाई निजी क्षेत्रमा रोजगारी दिने पहल गर्न सकिएको छैन ।

(५) प्रदेश सरकारसँग समन्वयको अभाव छ ।

(६) आर्थिक वर्षको अन्त्यमा, अर्थात् असारमा रोजगारी दिने र बजेट सक्ने अबस्थाले निरन्तरता पाईरहँदा बालुवामा पानी खन्याए झै भएको छ ।

यस्ता जल्दाबल्दा समस्याको निदानबेगर सरकारले घोषणा गरेका सामाजिक सुरक्षाका कार्यक्रम प्रभावकारी हुन सक्तैनन् ।

९. नेपालमा सामाजिक सुरक्षा सम्बन्धी समसामयिक प्रसङ्गहरु :

हाम्रो मुलुकमा सामाजिक सुरक्षासम्बन्धी विषय सदैव चर्चामा रहिआएको छ । यसलाई विभिन्न कोणबाट विश्लेषण गर्ने प्रयास गरिन्छ । सबैका राय सुझाव फरक-फरक हुनु स्वभाविकै हो । तर, जुन राजनैतिक र प्रशासनिक नेतृत्वमा केही गरौं भन्ने उत्साह र आँट हुन्छ, त्यस्ताकै कार्यकालमा यस क्षेत्रमा इट्टा थप्ने काम भएको पाईन्छ । यसर्थ, यससम्बन्धी केहि सन्दर्भ सामाग्री माथि घोत्लिन जरुरी छ ।

९.१ उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोगको सिफारिश :

२०८१।८२ मा एउटा आयोग गठन भएको थियो। सो आयोगले यसक्षेत्रमा केही सुझाव दिनुकासाथै निम्नानुसार केही टिप्पणी पनि गरेको छः

(१) ज्येष्ठ नागरिक भत्ता दिने उमेर ६८ वर्षबाट ७० वर्षमा पुऱ्याउने

(२) भत्ता दिन राष्ट्रिय परिचयपत्र अनिवार्य गर्ने।

(३) एकल महिलाले भत्ता पाउने उमेर ६० बाट ६५ मा पुऱ्याउने।

(४) आगामी ५ वर्ष भत्ता नबढाउने।

(५) यसमा भैरहेको दोहोरोपना र दुरुपयोग रोक्ने।

(६) योगदानमा आधारित सामाजिक सुरक्षा भत्तालाई फराकिलो बनाउने।

(७) यो लोकप्रियताबाट प्रभावित भत्ता भएपनि मानिसहरू खुसी छैनन्।

(८) यस क्षेत्रमा वार्षिक रु २ खर्व १९ अर्व खर्च भैरहेको छ।

(९) आ.ब.२०७३।७४ मा सामाजिक सुरक्षा भत्ताको अंश चालू खर्चको ७.३ प्रतिशत रहेकोमा आ.ब. २०८०।८१ मा बढेर १९.६७ प्रतिशत पुगेको छ

(१०) हाल ३७ लाख ७७ हजार ५७९ जना सामाजिक सुरक्षा भत्ताको दायरामा छन्।

९.२ सार्वजनिक टिप्पणी :

माथि उल्लेख गरेको आयोगले नेपाल सरकारलाई राय सुझाव दिएको प्रसङ्गमा एक दैनिक पत्रिकाले निम्नानुसारको सार्वजनिक टिप्पणी गरेकोछ, जुन सत्यताको नजिक छः

(१) भत्ता बापतको रकम एक अर्व भन्दा बढी बैङ्कमा पार्किङ्गमा छ। यस्तो रकम बैङ्कहरूले बिना व्याज परिचालन गरिरहेका छन्।

(२) आ.ब. २०८०।८१ बाट ईएफटी (ईलोक्ट्रेनिक फण्ड ट्रन्सफर) लागू भएको हो।

(३) भत्ता रकमको हकमा : (क) ज्येष्ठ नागरिक भत्ता रु ४ हजार (ख) ६० वर्ष माथिका कर्णालीवासी र दलित रु २६६० (ग) विधवा सबै उमेर रु २६६० (घ) पूर्ण अपाङ्गता रु ३९९० (ङ.) अति असक्त, अपाङ्ग रु २१२८ (च) लोपोन्मुख आदिवासी जनजाति रु ३९९० (छ) बालबालिका देशभित्रका तोकिएका क्षेत्र र दलित परिवारका एकै आमाका दुई जना ५ वर्ष मुनीका रु ५३२ तोकिएको छ।

यसरी, सामाजिक सुरक्षा भत्ताको प्रकार, नाम र रकमका विषयमा पनि एकरूपताको तथ्याङ्क उपलब्ध छैन। यस समाचारमा सम्बन्धित सरकारी पदाधिकारीकै भनाई भनी उल्लेख गरिएको छ। यस्को बुझाइ पनि फरक-फरक छ। कसैले सामाजिक सुरक्षालाई सरकारको पहिलो कर्तव्यकारूपमा बुझेका छन् भने केहीले यसलाई पपुलिष्ट एवं वितरणमुखी कार्यक्रमकारूपमा बुझेका छन्। यसपछि यस्का मूलभूत मुद्दामाथि विवेचना गरिनेछ।

१०. नेपालमा सामाजिक सुरक्षासम्बन्धी मूलभूत मुद्दाहरु तथा आगामी गोरेटोः

१०.१ ज्येष्ठ नागरिक भत्ता :

ज्येष्ठ नागरिक भत्ताको मूलभूत मुद्दा भनेको यो भत्ता सबैलाई समानरुपमा दिने कि विपन्न, बेवारिसे र बेसहारा लगायत आवश्यक्ता पहिचान भएकालाई मात्रै दिने ? भन्ने नै हो । यसैगरी, यो भत्ता सबै उमेर समूहलाई समान रकम दिने कि उमेरले बढी पाकालाई बढि रकम दिने ? भन्ने हो । यस अतिरिक्त, यो भत्ता पाउने उमेर घटाउने कि बढाउने ? जस्ता महत्वपूर्ण मुद्दाहरू माथि खासै वहस नै भएको छैन । यससम्बन्धी आगामी गोरेटोका विषयमा विश्लेषण गर्दा ज्येष्ठ नागरिक सम्बन्धी ऐनमा विपन्न, बेवारिसे, बेसहरालगायतको प्रसङ्ग उल्लेख छ । यिनलाई कम्तिमा न्यूनतम् मजदुरको पारिश्रमिकसरह मासिक रु १७,५०० दिने वा अनिवार्यरूपमा आश्रममा राख्ने प्रवन्ध गर्नुपर्छ । यसैगरी, उमेर बढ्दै जादा उपचार खर्च वृद्धि हुदै जान्छ । यसर्थ ७०-७९ उमेर समूहलाई ५ हजार, ८०-८९ उमेर समूहलाई १० हजार, ९०-९९ उमेर समूहलाई २५ हजार र १०० माथिलाई मासिक रु ५० हजार दिनुपर्छ । यो भत्ता सबैलाई नदिने, केवल विपन्न, बेवारिसे र बेसहारा एवं अति आवश्यक भएकालाई मात्रै दिने हो भने भत्ता पाउने उमेर ६० वर्ष कायम गर्नु पर्छ । कारण, यी भनिएका कमजोर वर्गको औषत् आयु ६० को हाराहारी पनि नभएको अनुभूति हुन्छ ।

१०.२. एकल महिला भत्ता :

एकल महिला भत्ताका मुद्दा पनि ज्येष्ठ नागरिकसँग नै मिल्दाजुल्दा छन् । यस्मा पहिलो कुरा, एकल महिलाको परिभाषा नै अस्पष्टता छ । अविवाहितहरू यसभित्र पर्ने नपर्ने प्रष्ट छैन । अर्कोकुरा, यो भत्ता पनि सबैलाई दिने कि आर्थिकरुपमा विपन्नलाई मात्रै दिने भन्ने छ । यस्मा पनि उमेरको सिमाको विषय छ । यो भत्ताको रकम ज्येष्ठ नागरिक सरहमै राख्ने कि घटिबढी गर्ने भन्ने विषयमा पनि बहस भएको छैन । यस्मा पनि माथि ज्येष्ठ नागरिकका हकमा भनिए झैं विपन्न, बेवारिसे, बेसहरालगायतमा यो भत्ता केन्द्रित गर्नुपर्छ । उमेर भएकाको हकमा पुर्नविवाहमा उत्प्रेरित गर्नुपर्छ । साथै, भत्ता दिनमा भन्दा पनि रोजगारी र स्वरोजगारी दिनेतर्फ अग्रसर गराउनु पर्छ । भत्ताको रकम समानरूपमा नदिई निजले पालन पोषण गर्नुपर्ने बालबच्चाको संख्यार उमेरसमेतका आधारमा मापदण्ड निर्माण गर्नुपर्छ ।

१०.३ अपाङ्गता भत्ता :

यस भत्ताको मुख्य मुद्दा भनेकै चार प्रकारको वर्गीकरण हो । यसलाई वैज्ञानिक तुल्याउन सकिएको छैन भन्ने आवाज उठेपनि खासै पहल गर्न सकिएन । यस्मा पनि सबैलाई भत्ता दिनु पर्ने नपर्ने ? भत्ताको सट्टा अवसर दिन सकिन्छ कि ? भत्ताको सट्टा आवश्यक उपकरण वा कृत्रिम शारिरिक उपकरणहरूको प्रवन्ध गर्ने कि ? भन्ने सवालहरू छन् । यस क्षेत्रको आगामी गोरेटोभित्र राज्यले अपाङ्गताको परिचय दिएकालाई भत्ता वा सुविधामा प्रष्टता कायम गर्नुपर्छ । यस्मा विवाद गर्न मिल्ने

र ग्रे एरिया छोड्नु हुदैन । यस वर्गका विपन्न, बेवारिसे र बेसहाराको पहिचान गरी आश्रमको व्यवस्था गर्नुपर्छ । अन्यका हकमा रोजगारी, सीप, उपकरणको उपलव्धतामा जोड दिनुपर्छ । यस्ता विषय स्थानीय सरकारको प्राथमिक्तामा रहनु पर्छ । संघले अस्पताल, कृत्रिम उपकरण निर्माण, पूर्वाधारमा अनिवार्य मापदण्डको व्यवस्था गर्नुपर्छ । प्रदेशबाट अनुदान दिने प्रवन्ध गर्नुपर्छ । यिनको जिम्मेवारी भने स्थानीय सरकारलाई दिनुपर्छ ।

१०.४ लक्षितवर्ग भत्ताः

नेपालको संविधानको भाग ४ मा राज्यका निर्देशक सिद्धान्तको व्यवस्था छ । यस्मा विभिन्न पक्ष, वर्ग र क्षेत्रलाई राज्यबाट समुचित संरक्षण प्रदान गर्नुपर्ने व्यवस्था उल्लेखित छ । जस्मा महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, लोपोन्मुख जाति, आदिवासी, सिमान्तकृत, पिछडावर्ग, विकासमा पछाडि परेको वर्ग र क्षेत्रलगायतको उत्थानमा राज्यले आवश्यक्तानुसार सकारात्मक विभेदको नीति समेत अवलम्वन गर्नुपर्ने सिद्धान्त प्रतिपादन गरिएको छ । यसअनुसार सामाजिक सुरक्षा भत्ता यिनै लक्षितवर्गमा केन्द्रित गर्ने कि आम नागरिकको समानताको हक अनुसार सबैलाई समानरूपमा वितरण गर्ने भन्ने अह्म सवाल हाम्रो सामू छ । यस स्थितिमा लक्षितवर्गलाई भत्ता नै दिने वा रोजगारीका लागि आरक्षण, शिक्षाका लागि छात्रवृत्ति, स्वास्थ्य सेवामा सहज पहुँचलगायत के कस्ता सेवा र सुविधा प्रवाह गर्ने भन्ने मुद्दा जटिलरुपमा देखापरेका छन् ।

यस मुद्दाको सम्बोधनका लागि भत्ता होईन, अवसर एवं सशक्तिकरणको अपेक्षा गरिनु स्वभाविकै हो । यर्थाथमा नगद सहयोगको सट्टा, जग्गा, घर, होष्टलसहितको पढाइ, सरकारी जागिरको सुविधा उपलव्ध हुनुपर्छ । हाल आरम्भ गरिएको आरक्षण लगायतको सुविधा पनि सिमितवर्गको कब्जामा गएको जस्तो महशुस हुन्छ, यस्मा नीतिगत सुधार आवश्यक छ । लक्षितवर्गको महशुस हुनेगरी दैनिक जीवनमा सकारात्मक परिवर्तन आउनुपर्छ । यस्का लागि वर्तमान पद्धतिलाई मिहिनरुपमा हेरी व्यापक सुधारसहित अघि बढ्ने रोडम्यापको जरुरी छ ।

१०.५ बालवालिका भत्ता (पोषण) :

हामीले दिएको पोषण भत्ताको प्रभाव कति छ ? भनी नतिजा आंकलन गर्न नसकिनु नै यस्को प्रमुख मुद्दा हो । साथै, अरु देशमा के व्यवस्था छ, हामीले खासै अध्ययनमा चासो दिएका छैनौं । सुनौला हजार दिनको कार्यक्रम, जीरो होम डलिभरी, सबै खोपको सुनिश्चितता लगायत यस क्षेत्रमा सञ्चालित अनगिन्ती कार्यक्रमहरूको निर्मम समीक्षा गरी अघि बढ्नु नै आजको चुनौति हो । यस क्षेत्रको आगामी गोरेटो भनेको बेसलाईन सर्भे हो । यसबाट प्रभाव मूल्याङ्कन हुन्छ । अधिकांश विकशित मुलुकमा बिहानदेखि बेलुकीसम्म बालबालिकालाई स्कूलमै राखी पढाउने, हुर्काउने, खुवाउने गरिन्छ भन्ने असल अभ्यासलाई अनुसरण गर्ने विधि पहिल्याई कार्यान्वन गर्नुपर्छ । बालबालिकालाई सानैदेखि अनुशासन र सीपमूलक शिक्षा दिई आफ्नै खुट्टामा उभ्भिन सक्षम तुल्याउने रणनीति अख्तियार गर्नुपर्छ ।

१०.६ विपद् राहत :

प्राकृतिक विपत्तिलाई न्यूनीकरण गर्ने योजना निर्माण गर्ने र सोउपर लगानी गर्ने कुरामा हामी उदासिन छौं । जस्को कारण विपत्तीको श्रृङ.खला बढ्दो र त्यस्का पीडितले सजिलै राहत नपाउनु नै यस क्षेत्रको मूल मुद्दा हो । यस क्षेत्रमा पनि अन्य मुलुकका असल अभ्यासको अध्ययन नगरिनु अर्को विडम्बना हो । यस्मा तीनै तहका सरकारले एकीकृत योजना निर्माण गरी विपद आउनै नदिने प्रतिरोधात्मक कार्यमा आफुलाई संलग्न गराउनु पर्छ । साथै, विपत्तिमा परेकालाई सहजरूपमा तत्कालै राहत वितरण गर्नसक्ने भरपर्दो कार्यविधि निर्माण गर्नुपर्छ । तीन तहका सरकार बीच कामको बाँडफाँड गरी स्थानीय सरकारले राहत वितरण गर्ने, प्रदेश सरकारले पुर्ननिर्माण र पुर्नर्स्थापन गर्ने तथा संघ सरकारले निदानात्मक कार्यमा आफुलाई केन्द्रित गर्नुपर्छ ।

१०.७ छात्रवृत्ति, दिवा खाजा, स्यानिटरी पायड, सडक बालबालिकालगायत :

यस क्षेत्रको मूल मुद्दा भनेकै वर्तमान सेवा सुविधाले बालअधिकार संरक्षण भएको छ त ? भन्ने नै हो । यसैगरी, खास सहयोगको अपेक्षा र आशामा रहेका बालबालिकाहरू यस प्रकारको सुविधाको दायराभित्र छन् त ? भन्ने प्रश्न निरुत्तरीत हुनु नै समस्याको जड्का रुपमा देखिन्छ । यस्मा राज्यले खर्च गरिरहेको छ, तर अबस्थामा सुधार देखिन्न, यसर्थ, यस्को पुर्नव्यवस्थापन गरिनु पर्छ । यर्थाथमा, कुन बच्चालाई के सहयोग आवश्यक छ भन्ने सूचना र तथ्याङ्क नै सरकारसँग छैन । यस्को निर्माणमा जुट्नुपर्छ । यसरी, आम बालबालिका नै भविष्यका कर्णधार भएकाले तीनै तहका सरकारको लगानी यिनै माथि केन्द्रित गर्ने राष्ट्रिय संकल्प जारी गर्न अत्यावश्यक छ ।

१०.८ आमा सुरक्षा, प्रसुती सेवालगायत :

यसको मूल मुद्दा भनेको महिलाको स्वास्थ्यमा आएको सकारात्मक परिवर्तन, तिनको सशक्तिकरण र विकास तथा सकारात्मक विभेदको नीतिको प्रभावकारी कार्यान्वनको मार्गचित्र सार्वजनिक नहुनु नै हो । यसर्थ, मुलुकको स्वास्थ्य सेवामा सुधारका लागि राज्यद्धारा पर्याप्त लगानी गर्नुपर्छ । यस क्षेत्रमा हामीले गरेका प्रयास सकारात्मक भएपनि पर्याप्त छैनन् भन्ने कोणबाट अघि बढ्नुपर्छ । साथै, सबै अस्पतालमा प्रसुती कक्ष राख्ने, सबै स्वास्थ्य चौकीमा बर्थ सेण्टर राख्ने, आईरन चक्कीलगायतको अनिवार्यतामा जोड दिने, जीरो होम डेलिभरी गराउने, रक्त सेवा दिने, क्यान्सरलगायतको उपचार सुनिश्चित गर्ने गरी यस क्षेत्रमा राष्ट्रियस्तरको कार्ययोजना निर्माण गरी तीन तहका सरकार अनवोर्ड हुनुपर्छ ।

१०.९ स्वास्थ्य सेवा कार्यक्रमहरु :

नेपालको संविधानले मौलिक हककारूपमा प्रदान गरेको आधारभूत स्वास्थ्य सेवा र आकस्मिक स्वास्थ्य सेवा निःशुल्क नपाउनु नै यस्को मुख्य मुद्दा हो । यस्का लागि स्वास्थ्य बिमालाई पनि व्यापक गर्न सकिएन । विश्वमै प्रायः धेरै मुलुकमा शिक्षा र स्वास्थ्य सेवा निशुल्क गरी यस क्षेत्रलाई व्यापारीकरणमा जान रोकिएको छ । जुनकुरो हामी कहाँ भएन । यस क्षेत्रको तुलनात्मकरुपमा

स्वास्थ्य सेवामा वृद्धि र बिस्तार भएको छ । तर, यो महङ्गो हुदै गएको छ । बिस्तारै सरकारी र निजी अस्पतालले विभेद निम्त्याउँदैछ । अर्थात्, राज्यले स्वास्थ्य सेवामा व्यापारलाई प्रश्रय दियो । अर्कोतिर, स्वास्थ्य जटिलताहरू वृद्धि हुँदैजादा उपचारका लागि रकम संग्रह गर्ने सामाजिक मान्यता विकास हुदैछ । स्वास्थ्य बिमा नाम मात्रैको भयो । यिनै कुरालाई सम्बोधन गरी समुचित निकास निकाल्नुपर्छ ।

१०.१० शिक्षा क्षेत्रका कार्यक्रमहरु :

शिक्षा क्षेत्रको मूल मुद्दा भनेकै यस क्षेत्रमा न्यून लगानी हुनु, निजी क्षेत्रले सरकारी शिक्षालाई ठाडै चुनौति दिनु, ठूला संख्यामा शिक्षकहरू प्रत्यक्ष राजनीतिमा संलग्न रहनु लगायत नै हुन । संविधानअनुसार आधारभूत शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क बनाउन नसक्दा संविधानका पानाहरू कागजी मात्रै हुन पुगेका छन् । यस्मा शिक्षाको व्यापारीकरण र राजनीतिकरण पूर्णतः रोकिनु पर्छ । हालका निजी विद्यालयहरूलाई व्यक्तिगत नाफा वितरण नहुने गरी ट्रष्टमा रूपान्तरित गर्न ढिला गर्नु हुदैन । यस क्षेत्रमा राज्यको लगानी अण्डर-फण्डेड छ । तीन तहका सरकारको वार्षिक बजेटको कम्तिमा २० प्रतिशत अंश शिक्षाका लागि छुट्याउनु पर्छ । सर्वप्रथम, सडकमा होईन, मानिसको विकासमा लगानी गर्नुपर्छ । यत्ति चेतनासहित गरिखाने प्राविधिक सीपमा आधारित व्यवाहारिक शिक्षा प्रणाली लागू गर्न ढिला गर्नु हुदैन ।

१०.११ कृषि क्षेत्रका कार्यक्रमहरु :

मुलुकलाई कृषिप्रधान देश भनिन्छ । तर, राज्यको बजेट गायत कुनैपनि कार्यबाट यसलाई पुष्टि गर्ने आधार नहुनु यस्को सर्वाधिक अहम् मुद्दा हो । हामीले आर्थिक सम्बृद्धि हासिल गर्न सक्ने क्षेत्र कृषि नै हो, तर यस्को बोध, सरकारी, गैरसरकारी र निजी क्षेत्र कतैबाट पनि हुन सकिरहेको छैन ।

हाल कार्यान्वयन भैरहेको २० वर्षे एग्रिकल्चर डिभलपमेण्ट स्ट्रटेजीको प्रभावकारी कार्यान्वयन नै पर्याप्त छ । यसैगरी, किसान परिचयपत्र शीघ्र जारी गरी किसानलाई मात्रै अनुदान, मल बिउबिजनलगायत वितरणमा जोड दिनुपर्छ । साथै, उत्पादित कृषिजन्य बस्तुको बजार सुनिश्चितताका लागि समर्थन मूल्यको प्रवन्ध, आयातमा रोक र आन्तरिक उत्पादनको निकासीमा राज्यले २०।३० वर्षे गुरुयोजना नै लागू गर्नुपर्छ ।

१०.१२ वैदेशिक रोजगारी सम्बन्धी कार्यक्रमहरु :

वैदेशिक रोजगारीमा जानेहरूको हितका लागि अनेकौं कार्यक्रम लागू भएका छन् । तर ती सही र आवश्यक व्यक्तिका लागि कार्यान्वयनमा आउन नसक्नु नै यस्को मूल मुद्दा हो । यस क्षेत्रलाई सहजीकरण गर्न स्थापना भएका सरकारी संयन्त्रहरू नियामक र नियन्त्रणमुखी भए । बरु यी संरचनाहरू खारेज भए यस क्षेत्रमा तुलनात्मकरूपमा लाभ पुग्ने देखिन्छ । यस्तो सोच आउनु भनेको यो क्षेत्र पूर्णतः अविश्सनीय हुनु हो । यसर्थ, सरकारले विश्वास आर्जन गर्न नसक्नु नै समस्याको जड हो । यस क्षेत्रको सुधारका लागि वैदेशिक रोजगारीमा जानेका लागि राज्यको

क्षमताअनुसार सिमित सुविधा दिने, तर घोषित सुविधा प्राप्तिमा कुनै कमीकमजोरी नगर्ने नीति लिनुपर्छ । सरकारी र निजी क्षेत्र दुबै सच्चिनुका साथै वैदेशिक रोजगारीमा जानेले पनि निश्चित मापदण्डको पालना गर्नुपर्छ ।

१०.१३ निबृत्तिभरण, उपदान लगायतका कार्यक्रमहरु :

यस क्षेत्रमा तुलनात्मकरूपमा कम समस्या छन् । तथापी सरकारी नीतिगत कमजोरी र मानिसको नैतिकतामा आएको ह्रास नै यस क्षेत्रको मूल मुद्दा हो । यस क्षेत्रमा प्रदान गरिएका घोषित कार्यक्रमहरूलाई सरकारी र निजी क्षेत्र दुबैले प्रभावकारीरूपमा कार्यान्वयन गर्न सक्ने गरी रोडम्याप निर्माण गर्नुपर्छ ।

११. निष्कर्ष र सिफारिशः

नेपालमा लागू गरिएका सामाजिक सुरक्षाका कार्यक्रमहरूको माथि विस्तृतरुपमा चर्चा र विश्लेषण गरिएको छ । यस क्षेत्रका मूलभूत मुद्दा र आगामी गोरेटो खण्डमा सुझावहरू पनि प्रस्तुत भैसकेको छ । तथापी, अन्तिम खण्डमा ३ वटा महत्वपूर्ण सुझावहरू प्रस्तुत गरिएका छन् ।

११.१. सामाजिक सुरक्षा कर लगाउने :

ज्येष्ठ नागरिक भत्ता लगायतका समाजिक सुरक्षा भत्ताहरू नन्फण्डेड भए । यसर्थ, यी दीर्घकालसम्म सञ्चालन हुन्छन् भनी विश्वास गर्न सकिन्न । यसर्थ, यस्का लागि कुनै नयाँ रचनात्मक सोचमा जानैपर्छ । जसअनुसार (क) मूअकरलाई १५ प्रतिशतमा उकाल्ने र २ प्रतिशत सामाजिक सुरक्षा कोषमा राख्ने वा, (ख) सामाजिक सुरक्षा भत्ताकै नाममा ३ प्रतिशत नयाँ कर उठाउने वा (ग) बैङ्कमा पार्किंगमा रहेका र भविष्यमा रहने रकम यसै कोषमा हाल्ने । यस्मा बिमालगायतका रकम पनि समावेश गर्ने वा, (घ) प्रत्येक वर्ष सरकारले कोषमा रकम योगदान गर्ने ।

११.२ कोषको सचिवालय (प्राधिकरण) खडा गर्ने, एकीकृतढंगले काम गर्ने :

सामाजिक सुरक्षासम्बन्धी काम गर्ने छुट्टै संरचनाको आवश्यकता बोध गरिएको छ । यी सबै कार्यक्रमलाई एकीकरण पनि गर्न जरुरी छ । जसअनुसार (क) सबैप्रकारका सामाजिक सुरक्षा भत्तालाई एउटै डालोमा हाल्ने । (ख) यसलाई संचालन गर्न कोष र सचिवालय वा प्राधिकरण खडा गर्ने । (ग) एकद्वार प्रणालीका लागि पासबूक जारी गर्ने । (घ) छुट्टै ऐन, नियम, कार्यविधि, मापदण्डका आधारमा आवश्यक व्यक्तिलाई मात्रै दिने । तर, दिने प्रक्रिया सरल, छरितो र शीघ्र गर्ने ।

११.३ योगदानमा आधारित प्रणालीलाई प्रश्रय दिने :

सामाजिक सुरक्षाका कार्यक्रमहरूलाई सरकारले थेग्न नसक्ने परिस्थिति निकट भविष्यमै देखा पर्दैछ । यसर्थ, यसलाई सहभागितामूलक तुल्याउनु पर्छ । जसअनुसार (क) मानिस जन्मेदेखिको आर्जनको केही हिस्सा सुरक्षित गर्ने प्रणालीका विकास गर्ने । (ख) विशेष आर्जन, चिट्ठा, पुरस्कारका

रकम राख्न उत्प्रेरित गर्ने । (ग) अर्काले सहयोग गर्न पाउने प्रणाली विकास गर्ने । (घ) राज्यले प्रोत्साहनस्वरुप पर्वहरूमा रकम थपिदिने । यिनै सत्कार्यबाट नेपालमा सामाजिक सुरक्षा भत्ता र यस सम्बन्धी कार्यक्रमले निरन्तता पाउने कुरामा ढुक्क हुन सकिन्छ ।

सन्दर्भ सामाग्री

- नेपालको संविधान
- एकीकृत राष्ट्रिय सामाजिक सुरक्षा संरचना, २०८०, राष्ट्रिय योजना आयोग
- ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३
- ज्येष्ठ नागरिक : मुलुकका निधि नामक पुस्तक, कृष्णहरि बास्कोटा
- अन्य सम्बन्धित विविध सन्दर्भ सामाग्रीहरू ।

***